Total No. of Printed Pages—5

**X/14/N**

**2014**

**NEPALI**

( INDIAN LANGUAGE )

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

**1.** थोरै शब्दहरूमा उत्तर लेख : 1×7=7

(क) दार्जीलिङको राजबाडी गाउँ-आधारित उपन्यासको नाउँ के हो?

(ख) राजबाडीबाट रत्नाको परिवार किन इलाम फर्कन्छ?

(ग) सानीका कति जना देवर र कति जना नन्द थिए?

(घ) उपन्यास-अनुसार हरि कुन गाउँको बासिन्दा हो?

(ङ) सानीको लोग्नेले उसँग समन्वय स्थापित नगरी सौता हाल्नु केको परिचायक हो?

(च) हरिले सानीकी आमालाई के भन्थ्यो?

(छ) हरि भिक्टोरिया फल्सनेर आइपुग्दा एउटा घाँसीले बाटामुनि कताकता गीत गाइरहेको सुन्यो। यो गीतको बोल कस्तो थियो? लेख।

**2.** 'माइत घर' उपन्यासको कथासार लेख। 8

**अथवा**

हरिको चरित्र चित्रण गर।

**3.** कुनै **दुइ** प्रश्नहरूका उत्तर लेख : 8×2=16

(क) 'अल्झेको इच्छा' कथामा बाबुको इच्छा किन अल्झेको छ? बुझाएर लेख।

(ख) 'परिबन्द' कथामा रने परिबन्दमा फसेका कारणहरू के के हुन्? लेख।

(ग) डा० हरगोविन्द खुरानाले के अनुसन्धान (शोध) कार्य गरेकोमा नोबेल पुरस्कार पाए? उनले पाएका पुरस्कारहरूको विवरण देऊ।

(घ) सुभद्रा घर त्यागेर गएपछि देवीरमणको घरको अवस्था कस्तो भयो? वर्णन गर।

**4.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 6

(क) ''हिन्दी साहित्यमा मेरो अभिरुचि थियो औ नेपाली साहित्यमा मेरो अगाध प्रेम थियो, बङ्गाली साथीहरूसँग लागेर बङ्गला भाषा पनि पढिहाल्थें।''

(ख) ''धूर्तता र कुटिलता जस्ता अवगुणहरू शिक्षामा घुस्न थालेभने बन्धुत्व हराउँदै जान्छ र आन्तरिक हार्दिकता पनि सुक्दै जानसक्छ।''

(ग) अरूलाई दोष लाउनुभन्दा रचनात्मक कार्यतिर आफू लाग्नु नै बुद्धिमानी र प्रगति भन्नुपर्छ।

**5.** संक्षेपमा उत्तर देऊ : 2×3=6

(क) पारसमणि प्रधानका माता-पिताको नाउँ लेख।

(ख) कुन अवस्थामा शिक्षा साँघुरिंदै जान्छ?

(ग) युवक साहित्य र प्रौढ़ साहित्यभन्दा के बुझिन्छ?

**6.** थोरै शब्दमा उत्तर देऊ : 1×6=6

(क) सुशीलले कसलाई आमा भन्थ्यो?

(ख) मानवीय गुण के के हुन्?

(ग) हरगोविन्द खुरानाका दाइ नन्दलाललाई किन अंग्रेज सरकारले मुल्तान जेलमा राख्यो?

(घ) हाम्रो देशको विभाजन कहिले भएको हो?

(ङ) बद्रीनाथ भट्टराईको भनाइ-अनुसार नेपाली भाषामा केको विशेषता छ?

(च) डा० पारसमणि प्रधान पेशाले के थिए?

**7.** कुनै **दुइवटा** कविताका सारांश लेख : 7×2=14

(क) 'गौंथलीको चिरिविरि'—लेखनाथ पौड्याल

(ख) 'जीवन : एक दृष्टि'—हरिभक्त कटुवाल

(ग) 'अधिकार र कर्त्तव्य'—कृष्णप्रसाद ज्ञवाली

(घ) 'कविप्रति'—चन्द्रमणि अधिकारी

**8.** थोरै शब्दमा उत्तर लेख : 1×6=6

(क) बालकृष्ण समको कविता 'भानुभक्तप्रति'मा भानुभक्तको गुँड कहाँ थियो?

(ख) 'अस्ताउने छैनन् कहिल्यै भानु' भनेको के हो?

(ग) 'स्वीट फल्स' कवितामा कविले बगिरहने झरनालाई केसँग तुलना गरेका छन्?

(घ) 'स्वीट फल्स'मा सूर्यको किरणपर्दा त्यहाँ केको उत्पत्ति हुन्छ?

(ङ) 'गरीब' कविताका रचयिता को हुन्?

(च) 'छन् चन्द्रमा दीप तथा प्रभाकर'—यहाँ 'दीप' शब्दको अर्थ खोल।

**9.** भावविस्तार गर (कुनै **एउटा**) : 5

(क) विज्ञान वरदान पनि हो अभिशाप पनि हो।

(ख) शिक्षा नै देशोन्नतिको आधार हो।

(ग) आफू भलो त जगत् भलो।

**10.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

नियम र कानूनको पालन भनेको अनुशासन हो। कानून तोड्नु अपराध हो, सबैले कानून तोडेभने समाजमा भाँडभैलो मच्चिन्छ। चोर-डाँकूहरू सबै असामाजिक तत्त्वहरूलाई ठेगान लाउने पनि बन्दोबस्त छ। तर कति नियमहरू अघिदेखि चल्दै आएका छन्, लिखित छैनन् र कानून पनि होइनन्। जस्तै छोराले बाबुको कुरा मान्नुपर्छ अथवा छोरीले मान्नुहुँदैन भन्ने नियम कहीं लेखिएको छैन। तर बाबुलाई टेरपुच्छर नलाउने छोरो वा छोरी काम लाग्दैनन्। मानव जीवनको हरेक क्षेत्रमा अनुशासन छ, अनुशासन भङ्ग हुँदा समाज अलपत्र हुन्छ, घर-परिवार बरबाद हुन्छ। उक्ति छ, अनुशासन जसले मान्छ उसैले शासन गर्नसक्छ। व्यवस्था र नियम अनुशासनको आधार हो। यसको पालनबाट व्यवस्थाको रक्षा हुन्छ। व्यवस्था भनेको प्रगति, शान्ति र स्वतंत्रताको आधार हो। प्राचीन युगदेखि नै सम्पूर्ण समाजको यथास्थिति अनुशासनको जगमा अडिएको छ। यही जग दुर्बल हुँदा सारा समाजको यथास्थिति बिग्रन सक्छ।

(क) अनुशासन भनेको के हो? 1

(ख) शासन गर्नखोज्ने मानिस कस्तो हुनुपर्छ? 1

(ग) कानून तोड्नु केको सूचक हो? 1

(घ) असामाजिक तत्त्वहरू को हुन्? 1

(ङ) बाबुलाई टेरपुच्छर नलाउने छोरा-छोरीहरू कस्ता हुन्छन्? 1

(च) अनुशासनको पालनबाट केको रक्षा हुन्छ? 1

(छ) सारा समाजको यथास्थिति कसरी बिग्रन सक्छ? 1

**11.** (क) समोच्चारित शब्दका अर्थ लेख : ½+½=1

बाघ ; बाग।

(ख) विपरीत शब्द लेख : ½+½=1

खँदिलो ; उज्यालो।

(ग) उपसर्ग छुट्याऊ : ½+½=1

प्रवास ; अपमान।

(घ) सन्धि विच्छेद गर : ½+½=1

सज्जन ; विद्यार्थी।

(ङ) धातु र प्रत्यय छुट्याएर देखाऊ : ½+½=1

उठ्नु ; भन्नु।

(च) 'सूर्य' शब्दको दुइवटा पर्यायवाची शब्दहरू लेख। 1

(छ) कोष्ठबाट मिल्ने शब्द छानी खाली ठाउँ भर : ½+½=1

जो ईश्वर मान्दैन त्यो —— हो। (आस्तिक/धार्मिक/नास्तिक)

पछिसम्मको कुरा देख्न सक्नेलाई —— भनिन्छ। (दूरदर्शी/पूर्वदर्शी/पूर्णदर्शी)

(ज) तलका शब्दलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर : 1+1=2

जहाज डुब्नु ; जुँगामा ताउ दिनु।

**12.** कुनै **एउटा** विषयमा निबन्ध लेख : 10

(क) परिश्रम

(ख) स्वास्थ्यनै धन हो

(ग) घडीको प्रयोग र उपयोगिता

(घ) प्राकृतिक प्रकोप

(ङ) दूरदर्शन

★★★